# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## सत्रौं वार्षिक साधारण सभाको काम कारवाही
## तथा निर्णय पुस्तिका (माइन्यूट)
## १८ माघ, २०७५

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## सत्रौंवार्षिक साधारण सभाको कामकारवाही तथा निर्णयपुस्तिका(माइन्यूट)

### 1. वैधानिक सभा

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को मिति २०७५ साल पौष २१ गते बसेको सञ्चालक समितिको ३३१ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली बमोजिम यस वित्तीय संस्थाको सत्रौंवार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपरछलफल गर्ने निर्णय भएको थियो ।

#### 1.1. सभाको मिति, स्थान र समय

सभा हुने मिति : २०७५/१०/१८ गते, शुक्रबार

समय : ११:०० बजे

स्थान : कृषि विकास विकास बैंक लि., केन्द्रीय तालिम प्रतिष्ठानको सभाहल, बोडे, भक्तपुर ।

#### 1.2. छलफलका विषयहरुः

**(क) सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/०७५ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने ।

(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७५/०७६को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
(कम्पनी ऐन, २०६३ को दफा १६५(१)(घ) बमोजिम लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भइ आएको छ)

(४) आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु. ६२,८८,२७,९२९/६९ को १.३१७ प्रतिसतका दरले हुनेरु.८२,७४,०५१/७१ (अक्षरेपी बयासीलाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्नेसम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने ।

(५) यस वित्तीय संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समुह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरुमध्येबाट एक जना र संस्थापकसाना किसान कृषि सहकारी संस्था लि. हरु मध्येबाट एक जना महिला सहिततीन जना गरी जम्मा चार (४) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु. ६२,८८,२७,९२९/६९ को २५ प्रतिसतले हुनेरु.१५,७२,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय

बयासी रुपैयाँ बयालिस पैसा मात्र) बराबरको वोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

## 2. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयर धनीहरुलाई निजहरुले यस बैंकलाई उपलब्ध गराएको ठेगानामा यस बैंकको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली संक्षिप्त वार्षिक आर्थिक विवरण समेत संलग्न राखी सूचना पठाइएको थियो । साधारण सभा सम्बन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका आर्थिक अभियान दैनिकमा मिति २०७५/०९/२२ गते र सोही दैनिकमा मिति २०७५/१०/०९ गते प्रकाशन समेत गरिएको थियो । कम्पनी ऐन, २०६३ को दफा ७८ को उपदफा (३) बमोजिम वार्षिक साधारण सभा हुनुभन्दा एक्काईस दिन अगावै दफा ८४ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालकको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयर धनीहरुले निरीक्षण गर्न र प्राप्त गर्न सक्ने गरी यस बैंकको केन्द्रीय कार्यालय र सेयर रजिष्ट्रार श्री नबिल ईन्भष्टमेण्ट बैंकिङ्ग लि.को कार्यालय नक्साल, काठमाडौंमा व्यवस्था मिलाइएको थियो ।

## 3. उपस्थिति

### 3.1. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री रबिन्द्र यादव | सञ्चालक |
| ३. श्री अरुण कुमार ढुङ्गाना | सञ्चालक |
| ४. श्री उमेस लम्साल | सञ्चालक |
| ५. श्री भुपेश छतकुली | सञ्चालक |

### 3.2. शेयरधनी(प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास वित्तीय संस्थालि., प्रतिनिधि श्री अरुण कुमार ढुङ्गाना

२. नेपाल बैंक लि., प्रतिनिधि श्री निता लामिछाने

३. नबिल बैंक लि., प्रतिनिधि श्री मनोज कुमार यादव

४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट २१२ वटा संस्थाका २१२ जना

५. सर्बसाधारण शेयरधनीका तर्फबाट कुल शेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने १३५ जना ।

### 3.3. अन्य पदाधिकारीको उपस्थिति

| | |
|---|---|
| १. डा.शिवराम प्रसाद कोइराला | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री झलेन्द्र भट्टराई | कम्पनी सचिव |

### 3.4. अन्य उपस्थिति/पर्यविक्षक

१. श्री सुनिता केसी -प्रमुख निर्वाचन अधिकृत

२. श्री पोषणराज लामिछाने - कानूनी सल्लाहकार

३. श्री मिना पोखरेल - उपमहाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

## 4. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कुल शेयर संख्या | शेयर संख्या | उपस्थित शेयर संख्या | कुल सेयर मध्ये प्रतिनिधित्व भएको सेयर संख्या | कुल सेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास वित्तीय संस्थालि. | १ | १३८५२७०.७ | १ | १३८५२७०.७ | १०० |
| नेपाल बैंक लि. | १ | ७६३६०.०८ | १ | ७६३६०.०८ | १०० |
| नबिल वित्तीय संस्थालि. | १ | १९०९०१.१७ | १ | १९०९०१.१७ | १०० |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | २७४४८०९.८४ | २१२ | २५६५८५० | ९३.४८ |
| सर्बसाधारण शेयरधनीहरु | १२६२७ | १८९०९३७.५ | १३५ | ३४५८१ | १.८३% |
| **जम्मा** | १२८६१ | ६२८८२७९.२९ | ३५० | ४२५२९६२.९५ | ६७.६३% |

## 5. सभाको वैधानिकता र सभा सञ्चालन

5.1. कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुलसेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी सेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाका सत्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३५० भएको र कुल सेयरको ६७.६३ प्रतिशत प्रतिनिधित्व भएको हुँदाकम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानूनअनुसार सभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा गर्न मन्जुर गरेको थियो ।

5.2. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नु भएपछि वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

5.3. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट् प्रमुख कार्यकारी अधिकृत डा शिवराम प्रसाद कोइरालाले बैंकका गतिविधि माथि प्रकास पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

5.4. पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

## 6. वार्षिक साधारण सभाको प्रस्तुती

6.1. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयर महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्वनिर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७४/०७५ को सञ्चालक समितिको प्रतिवेदनसभामा पढेर सुनाउनु भयो ।

6.2. अध्यक्षको प्रतिवेदन प्रस्तुत भए पश्चात् कम्पनी सचिवले इच्छुक शेयर महानुभावहरुलाई सञ्चालक समितिको प्रतिवेदन एवं लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४/०४/०१ देखि २०७५/०३/३१ सम्मको नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल एवं आ-आफ्नो विचार, जिज्ञासा, सुझावका लागि आह्वान गर्नुभयो ।

## 7. छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नुभएको विचार, जिज्ञासा तथा सुझावहरुलाई तल प्रस्तुत गरिएकोछ ।

- श्री चन्द्रनारायण श्रेष्ठ (२४६०) २५ प्रतिशत वोनस शेयर दिई ७८ करोड पेड अप क्यापिटल पुऱ्याउन सफल भएकोमा खुशी लागेको छ । नगद लाभाशको पनि व्यवस्था गर्न सक्थ्यो । अंकहरु प्रस्तुत गर्दा केही गल्तीहरु देखिएका छन् । रु हजार र लाखको प्रस्तुतिमा फरक छन् । लघुवित्त क्षेत्रको कुल क्यापिटलको १७ प्रतिशतभन्दाबढी हिस्सा यसको छ । कारोबार पनि राम्रो कभरेज छ । प्रतिफल २५ प्रतिशत दिनु भएकोमा धन्यवाद छ । समयमा प्रतिवेदन तयार गरी बार्षिक साधारण सभा गर्नु भएकोमा धन्यवाद छ । हाम्रो ब्याज मार्जिन कम देखिएको छ । कर्जा प्रवाह गरी ब्याज आम्दानी गर्नुभन्दा लगानीमा जोड दिनु परयो । खर्च र लागत घटाएर अर्को बर्ष बढी नाफा गर्न अनुरोध गर्दछु ।
- श्री डमरुबल्लभ घिमिरे : विद्धत वर्गबाट सञ्चालित यस संस्थाको काममा धेरै खोट लगाउने ठाऊ छैन । लघुवित्तमा छुट्टै पहिचान कायम गर्न सफल छ संस्था । लगानी कर्तालाई राम्रो प्रतिफल २५ प्रतिशत वोनस शेयर दिन सक्षम भएकोमा सम्वद्ध सबैलाई बधाई र धन्यवाद दिन चाहान्छु । प्रतिवेदनमा भएका साना तिना कमजोरीहरु ह्टाउन मेरो सुझाव छ । व्यवस्थापनलाई धन्यवाद छ । कम्पनी सचिव फोकल पर्सन भएकोले प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवको तस्बिर सञ्चालक समितिको सँगै राख्न राम्रो हुन्छ । साधारण सभा आगामी दिनमा अझै छिटो गर्न पर्ला । सबैलाई धन्यवाद छ ।
- श्री शिव प्रसाद पौडेल -संस्थाले साना किसान लगानीकर्ता सबैलाई ध्यान दिएको छ । राम्रो प्रतिवेदन आएको छ । अहिले लोभीपापी धेरै छन् । यो संस्थाको लगानी नडुब्ने गरी लगानी होस । मासुजन्य/दुग्धजन्य देखि लिएर कृषिको विकासमा यस संस्थाले राम्रो भूमिका खेलेको छ । पेज नंबर ८४ केही प्रिन्ट गल्ती छन् । यसमा ध्यान दिन' पर्ला । अन्तमा अर्को वर्ष नगद लाभांशको पनि व्यवस्था गरोस् । सफलताको लागि शुभकामना !
- श्री कृष्ण प्रसाद अधिकारी : धेरै दिदी बहिनीले चलाएको संस्था यहा उपस्थिति पनि त्यत्तिकै छ । तपाईहरु राम्ररी सभामा बसेर रमाइलो गरेर घर फर्कनु होला । तराई र पहाडको सदस्यहरुको संख्या प्रस्तुति फरक छ । लरर भनेको सबैलाई थाहा छैन । लरर भनेको लगानी भको मध्ये उठाउन बाँकी ऋण हो । सञ्चालकमा एकजना महिला ल्याउनु भएको र २५ प्रतिशत वोनस शेयर दिनु अत्यन्त सह्राहनीय काम हो । धन्यवाद !
- श्री इन्द्र कृष्ण श्रेष्ठ साधारण सभा तोकिएको समयभन्दा केही ढिला शुरु भयो । लगानीकर्तालाई यो बोडेमा सुख दिन कि दुख दिन साधारण सभा गर्नु भयो । बस्ने ठाऊ पुगेन । सिइयो करार लेख्नु भएन । करार सिइयोले कसरी काम गर्न सक्छ । ४ वर्षे स्थायी भन्न पर्छ । यो भुल होकी के हो ? यस्तो नहोस भन्न चहान्छु । करको व्यवस्था सहित वोनस शेयर दिनु भएको छ । अहिलेको सिइयो र व्यवस्थापन सफल छन् । अनुसरित संस्था भनेको के हो ? लगानीकर्तालाई अझैबढी दिन सक्ने गरी काम गर्नुहोला । धन्यवाद !
- श्री उद्धव घिमिरे गतवर्षको दाँजोमा प्रगति राम्रो देखिएको छ । सातै प्रदेशको प्रगति खुलाउन सकेमा अझै राम्रो हुन्छ । यस वित्तीय संस्थाको परिकल्पना, ध्येय र उद्देश्य अत्यन्त राम्रा छन् । यसका वित्तीय प्रगति र विवरणहरु राम्रा र सकारात्मक छन् । रिजर्भ राम्रो छ ।

- साना किसान सहकारी संस्था लि. शुक्रनगर चितवन, अध्यक्ष रुद्र प्रसाद अधिकारी, ऋणको व्याज चर्को भयो । वाणिज्य बैंकसँग प्रतिस्पर्धा कसरी गर्ने । असल सदस्यहरु बाध्य भएर अरुतिर लाग्न थालेका छन् ।
- कृष्ण बाबु श्रेष्ठ, साना किसान कृषि सहकी संस्था लि. मनकामना गोरखा, पर्ल्स भित्रिको सुझाव राख्छु ।
- मेरङ्गका प्रतिनिधिका तर्फबाट : सेयर सदस्यलाई पिडा दिएर साधारण सभा गने । आठ बजे बोलाएर १२ बजेसम्म खाजापानी बन्दछ । सभास्थल अपाएक भयो ।
- परिचय नखुलाइएको शेयरधनी :साना किसानको ब्याजदर चर्को भयो । सदस्यहरु सेवा लिन बाहिर जान थाल्नु भयो । सभा अव्यवस्थित भयो ।
- आज अन्तरक्रिया कार्यक्रम हो कि साधारणसभा हो छुट्याउन गाह्रो भयो । व्यवस्थापन पक्ष राम्रो भएन । खाना खाजाको व्यवस्था भएन ।
- विजय कुमार राना साना किसान कृषि सहकारी संस्था लि. सानोश्री बर्दिया, दातृनिकायहरुको सहयोगमा सञ्चालन हुने कार्यक्रम प्रभावकारी हुनुपर्‍यो ।

**8. सभामा पेश भएका सुझाव तथा जिज्ञासाहरुको जवाफ**

छलफलमा भाग लिने सम्पूर्ण शेयरहरुलाई धन्यवाद दिँदै त्यहाँ उठेका जिज्ञासाहरुको जवाफ अध्यक्ष श्री खेम बहादुर पाठक र केही प्रश्नहरुको जवाफ अध्यक्षज्यूको आज्ञाले प्रमुख कार्यकारी अधिकृत डा.शिवराम प्रसाद कोइराला र कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले दिनुभएको थियो ।

8.1. अध्यक्ष श्री खेम बहादुर पाठकले विभिन्न जिज्ञासाहरुको प्रष्ट पार्दै भन्नु भयो -

- त्यति कठिन जिज्ञासाहरु आएनन् । हाम्रो प्रतिवेदन यहाहरुले सहर्ष स्वीकार गरिदिनु भएकोमा सर्व उपस्थित शेयरधनी महानुभावहरु प्रति आभारी छु ।
- सेयरधनी महानुभावहरुले दिनु भएको सुझावलाई मनन गरी आगामी दिनमा काम गरिने छ । साथै यो लघुवित्त वित्तीय संस्था भएकाले यसको कार्य प्रकृति अनुसार ठुला परियोजनामा लगानी गर्न सक्ने अवस्था र छुट हुँदैन ।
- यहाँ सभा गरिनुको काण निर्वाचन गर्न र शेयरधन महानुभावहरुलाई बस्न सहज र कम खर्चिलो होस भन्ने हाम्रो मन्साय हो । यहाँहरुलाई परेको असुविधाका लागि क्षमा चहान्छु । अन्यत्र सभा गर्दा सर्वसाधारण सेयरधनीहरुलाई समस्या हुन्छ । पछिका दिनमा सम्भाव्यता हेरेर सो सम्बन्धामा उपयुक्त निर्णय लिइनेछ ।
- बैंकले पुँजीको लागतका आधारमा ब्याजदरलाई सम सामयिक बनाउँदै आएको छ ।
- बैंकको क्षमताले भ्याएसम्म समान अवसरका लागि प्रयास गरिनेछ ।
- बैंकको १०-१२ हजार सेयरधनीलाई यस्तो सुविधा उपलब्ध गराउन सम्भव पनि छैन र नेपाल राष्ट बैंकको निर्देसन र नियमले पनि दिदैन ।

8.2. वित्तीय संस्थाव्यबस्थापनसँग सम्बन्धित केही जिज्ञासा तथा सुझावहरुका सम्बन्धमा सभाध्यक्षको अनुमतिमा बैंकका प्रमुख कार्यकारी डा.शिवराम प्रसाद कोइरालाबाट सभा समक्ष उपलब्ध जवाफ यस प्रकार रहेको छ ।

- सभामा गहनतम सुझावहरु प्रस्तु भएका छन् । आगामी दिनमा बैंकका काम कारवाही अघि बढाउने सन्दर्भमा यी महत्वपूर्ण सुझावहरुलाई मध्यनजर गरी अघि बढाउँदा बैंकको कारोवारको गुणस्तरीय विस्तारमा सघाऊ पुग्ने समेत लागेको छ । महत्वपूर्ण सुझावहरुको पालना गरिनेछ ।
- वित्तीय संस्थाको वित्तीय सूचकाङ्कहरु सकारात्मक छन् । शेयरधनीहरुले राख्नु भएको जिज्ञासा र सुझावहरु अनुकरणीय छन् । सक्दो सस्थालाई दरो र शेयरधनीहरुलाई प्रतिफल दिन सन्तुलित कारोबार व्यवस्थापन गरेका छौं । ब्याजदर कम हुनुपर्छ भन्ने

भनाई ठिक हो तर यसले संस्था नबाच्ने गरी घटाउन सकिदैन । लागत हेरेर र बजारले ब्याजदर निर्धारण गर्दछ ।

8.3. यस बैंकका कम्पनी सचिव तथा बरिष्ठ प्रवन्धक श्री झलेन्द्र भट्टराईबाट भएका क्रियाकलाप-

- सभामा उद्घोषक र सहजकर्ताको कार्य सम्पादन गर्दै छलफल सत्रमा जिज्ञासा राख्ने शेयरधनीहरुको नामावली संकलन गरी क्रमबद्ध रुपमा आफ्नो भनाई राख्न मञ्चमा बोलाईएको थियो । सभा सम्बन्धी विषयहरुमा शेयरधनीहरुबाट राखिएको जिज्ञासाहरु सम्बोधन गर्नुभएको थियो ।

## 9. सभाको निर्णय

छलफलमा उठेका जिज्ञासाहरुको जवाफ दिने क्रम सकिएपछि छलफलको विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लीग प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नु भयो :

### (क) सामान्य प्रस्ताव

*१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।*

निर्णय

अध्यक्षको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट करतलध्वनी सहित सर्वसम्मतिले पारित गरियो ।

*२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/०७५ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गर्ने सम्बन्धमा ।*

निर्णय

लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७४/७५ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूचीहरु लगायत वार्षिक आर्थिक विवरणहरु समेत छलफल गरी पारित गरिदिन सभामा पेश भएको प्रस्ताव उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतिले पारित गरियो ।

*(३) कम्पनी ऐन २०६३ को दफा १११ एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(१) अनुसार आ. व. २०७५/०७६को लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने । (कम्पनी ऐन, २०६३ को दफा १६५(१)(घ) बमोजिम लेखापरीक्षक सि.ए. खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नाम सिफारिस भइ आएको छ) सम्बन्धमा ।*

निर्णय

यस बैंकको आ.व.२०७५/०७६ को लागि लेखापरीक्षण गर्न लेखा परीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा सभामा प्रस्तुत प्रस्ताव उपर छलफल हुँदा यस वित्तीय संस्थाको आ.व.२०७५/०७६ को कर, एलएफएआर, कम्पनी ऐनको दफा ७८ र

स्टयाच्युटरी लेखापरीक्षण सहितको लेखापरीक्षण सम्पन्न गर्ने कार्यका लागि लेखापरीक्षकमा श्री खगेन्द्र भट्टराई, खगेन्द्र एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्टस्लाई मूल्य अभिबृद्धि कर बाहेक एकमुष्ट रु. २,५०,०००/- (दुई लाख पचास हजार) कर सहित मात्र पारिश्रमिक प्रदान गर्ने गरी वित्तीय संस्थाको आ.व. २०७५/०७६ का लागि लेखा परिक्षक नियुक्त गर्न सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

*(४) आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयरधनीहरुलाई चुक्ता पुँजी रु.६२,८८,२७,९२९/६९ को १.३१७ प्रतिसतका दरले हुनेरु.८२,७४,०५१/७१ (अक्षरेपी बयासीलाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्नेसम्बन्धी सञ्चालक समितिको प्रस्ताव पारित गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट सेयरधनीहरुलाई रु. ६२,८८,२७,९२९/६९ को १.३१७ प्रतिसतका दरले हुने रु. ८२,७४,०५१/७१ (अक्षरेपी बयासीलाख चौहत्तर हजार एकाउन्न रुपैयाँ एकहत्तर पैसा मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) प्रदान गर्ने सम्बन्धमा छलफल हुँदा सञ्चालक समितिको प्रस्ताव गरेबमोजिमको नगद लाभांस प्रदान गर्न सर्वसम्मतिले स्वीकृति प्रदान गर्ने निर्णय भयो ।

*(५) यस वित्तीय संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समुह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरुमध्येबाट एक जना र संस्थापक साना किसान कृषि सहकारी संस्था लि. हरु मध्येबाट एक जना महिला सहित तीन जना गरी जम्मा चार (४) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा ।*

**निर्वाचन क्रियाकलाप**

यस वित्तीय संस्थाको नियमावलीको नियम ८ को उपनियम (२) को खण्ड (क) को देहाय (१)(२) बमोजिम संस्थापक समुह "क" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने संस्थापक कृषि विकास बैंक लगायत वाणिज्य बैंकहरुमध्येबाट एक जना र संस्थापक साना किसान कृषि सहकारी संस्था लि. हरु मध्येबाट एक जना महिला सहित तीन जना गरी जम्मा चार (४) जना सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा । देहाय अनुसार भयो:-

- संस्थापक सेयरधनी समूह "क" को तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने कृषि विकास बैंक लगायत वाणिज्य बैंक समुहबाट १ (एक) जना साना किसान कृषि सहकारी संस्था लि. समुहबाट एक जना महिला सहित ३ जना गरी ४ (चार) जना सञ्चालक सदस्यको निर्वाचनका लागि कम्पनी सचिवद्वारा सभामा प्रमुख निर्वाचन अधिकृत श्री सुनिता केसीलाई समय उपलब्ध गराईयो ।
- प्रमुख निर्वाचन अधिकृत सुनिता केसी:निर्वाचन कार्यक्रमका सन्दर्भमा यस बैंकको संस्थापक सेयरधनी समूह - "क" बाट सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका २०७५ एवं बैंकको साधारण सभाको सूचनामा उल्लेख भएको व्यवस्था बमोजिम सभा हुने मिति भन्दा १० दिन अगावै अर्थात २०७५/१०/९ का दिन अभियान राष्ट्रिय दैनिक, बैंकको सूचनापाटी र वेभसाइटमा निर्वाचन कार्यक्रम सहितको सूचना प्रकासन गरेको र सो सूचना बमोजिम कृषि विकास बैंक लगायत वाणिज्य बैंक समुहबाट कृषि विकास बैंकका तर्फबाट श्री अरुण

कुमार ढुङ्गाना १ (एक) जनाको मात्र उम्मेदवारी परेकोले उहाँ निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

- यसै गरी साना किसान कृषि सहकारी संस्था लि. समूहका महिला प्रतिनिधि तर्फबाट पर्न आएका ९ (नौ) जनाको उम्मेदवारीमा ६ (छ) जनाबाट उम्मेदावारी फिर्ता लिएको, २ जनाको तोकिए अनुसारको योग्यता नपुगेकोले उम्मेदवारी रद्ध भएको र खुलातर्फ २ जना सञ्चालकको लागि परेको उम्मेदावरी मध्ये देहायका २ (दुई) जना बाहेक अन्य उम्मेद्वार सबैले उम्मेद्वारी फिर्ता लिएकाले देहाय अनुसारका उम्मेदवारहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

  (क) महिला प्रतिनिधि तर्फ निर्विरोध निर्वाचित,

  (१) श्री चाँदनी ढकाल, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. उत्तरगंगाा, सूर्खेत

  (ख) खुला प्रतिनिधि तर्फ निर्विरोध निर्वाचित,

  १. श्री खेम बहादुर पाठक, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. चैनपुर, धादिङ्ग

  २. श्री रबिन्द्र यादव, प्रतिनिधि, साना किसान कृषि सहकारी संस्था लि. बनचौरी, महोत्तरी

- प्रमुख निर्वाचन अधिकृतले निर्विरोध निर्वाचित सञ्चालकहरुलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गर्दै हार्दिक बधाई दिनु भयो र निर्वाचन कार्यको अवसर दिने र यस कार्यमा सहयोग पुऱ्याउने सबै प्रति धन्यवाद व्यक्त गर्नुभयो ।

- नव निर्वाचित चारैजना सञ्चालकहरुलाई बैंकका सञ्चालक द्वय श्री उमेश लम्साल र श्री भुपेश छतकुली तथा प्रमुख कार्यकारी अधिकृत, डा.शिवराम प्रसाद कोइराला, नायव प्रमुख कार्यकारी अधिकृत एवं कम्पनी सचिव फ़ैलेन्द्र भट्टराई लगायतले टिका तथा पुष्प गुच्छा दिंदै बधाई ज्ञापन गर्नु भयो र उपस्थित सबै शेयरधनी महानुभावहरुबाट करतलध्वनीका साथ स्वागत गरियो ।

**(ख) विशेष प्रस्ताव :**

*(१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु. ६२,८८,२७,९२९/६९ को २५ प्रतिसतले हुनेरु.१५,७२,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय बयासी रुपैयाँ बयालिस पैसा मात्र) बराबरको वोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।*

निर्णय

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७४/०७५ को कारोबारबाट भएको मुनाफा मध्येबाट शेयर धनीहरुलाई चुक्ता पुँजी रु. ६२,८८,२७,९२९/६९ को २५ प्रतिसतले हुनेरु. १५,७२,०६,९८२/४२ (अक्षरेपी पन्ध्र करोड बहत्तर लाख छ हजार नौ सय बयासी रुपैयाँ बयालिस पैसा मात्र) बराबरको वोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव उपर छलफल हुँदा प्रस्ताव बामेजिमको शेयरधनीहरुलाई वोनस वितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**10. सभा विसर्जन**

10.1. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

10.2. सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

10.3. छलफल तथा निर्णयको क्रम समाप्त भएपछि सभाका अध्यक्ष श्री खेम बहादुर पाठकले शेयर महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्नु भयो । सत्रौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि शेयर महानुभावहरुमा साथै सभा सफलतापूर्वक सम्पन्न गर्न प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| **(झलेन्द्र भट्टराई)** | **(खेम बहादुर पाठक)** |
| कम्पनी सचिव | अध्यक्ष |

माघ **१८,** २०७५